गर्नुपर्नेछ।

(२) विगतका वर्षहरुमा सोहि प्रकृतिका कार्यक्रमहरु सञ्चालनका लागि कुनैपनि सरकारी निकायबाट अनुदान प्राप्त गरेका आवेदकहरु सोहि कार्यक्रममा छनोट गर्न पाइने छैन।

**९. सम्झौता :**छनौट भएका आवेदकहरुसंग गाउँपालिका कार्यालयले अनुसुचि–५ बमोजिमको सम्झौता गर्नेछ।

**६. सामग्री वितरण** : (१) कृषकहरुले उत्पादन गरेका दुधको मापन गर्न एवं विक्री गर्नको लागि प्रत्येक कृषक एक एक वटा खरिदका लागि अनुदान उपलब्ध गराइनेछ।

(२) प्रत्येक कृषक समुह,सहकारी तथा ब्यतिगत भैसीपालक फर्म लाई रागो तथा भैसी खरिदको लागि ५० प्रतिशत अनुदान उपलब्ध गराइनेछ।

(३) गोठ निर्माणको लागि ५० प्रतिशत अनुदान उपलब्ध गरिनेछ।

**७. खोर निर्माण** : (१) कृषक समुह,सहकारी,भैसीपालक कृषकहरु लाई गोठनिर्माणको लागि ५०% अनुदान उपलब्ध गराइनेछ।

(२) गोठ निर्माण गर्दा प्राबिधिक मापदण्ड पुरा गर्नुपर्नेछ।

(३) गोठ निर्माणका लागि कार्य सम्पन भएपस्चात समुहको बैंक खातामा भुक्तानी गर्नु पर्नेछ।

**८. घाँसको बीउ, बेर्ना, सेट्स वितरण** (१) घाँसको बीउ, बेर्ना, सेट्स वितरण कृषकहरुले माग गरिएका घाँसको बीउ, बेर्ना र सेट्सहरु लगाउनका लागि प्रत्येक समूहलाइ आवश्यक बीउ, बेर्ना र सेट्सहरु ५०% अनुदानमा उपलब्ध गराईनेछ।

**९. तालिम संचालन** (१) कृषकहरुलाई समूहको माग अनुसारको विषयमा भैसीपालन सम्बन्धी सञ्चालन गरिनेछ।

(२) उपदफा (१) बमोजिम सञ्चालन गरिने तालिममा असल पशुपालन अभ्यास, पशु स्वास्थ्य, नश्ल सुधार, खोर सुधार र पशु आहारा व्यवस्थापन आदि सम्बन्धी तालिम विषयहरुलाई प्राथमिकता दिईनेछ।

## परिच्छेद -४
## अनुगमन, मूल्याङ्कन तथा अभिलेख

**१०. अनुगमन, मूल्याङ्कन तथा अभिलेख व्यवस्था** : (१) भैसीपालक कृषकसमूह,सहकारी,तथा भैसीपालक फर्महरुले उत्पादन अभिलेख राख्नुपर्ने पर्नेछ।

(२) लाभग्राही सदस्यहरुका सबै भैसीहरुलाइ ट्यागिङ गर्नु पर्नेछ।

(३) यस कार्यविधि अनुसार सञ्चालन गरिएका कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कनको मुख्य जिम्मेवारी माण्डवी गाउँपालिका अनुगमन समिति,सम्बन्धित पशु सेवा शाखा, सम्बन्धित वडा कार्यालय सँग समन्वय गरी संयुक्त अनुगमन गर्न सकिनेछ।

## परिच्छेद -४
## विविध

**११. आर्थिक पक्ष:** (१) यस कार्यविधि अन्तर्गत सञ्चालन गरिने सम्पूर्ण कार्यक्रमहरुको आर्थिक पक्ष कार्यक्रम कार्यान्वयन अनुसार व्यवस्था भए बमोजिम हुनेछ। सम्झौता भएका आवेदकहरुले सम्झौता बमोजिमको कार्य सम्पन्न

